NEPALI

श्री Marshall D. Orson, समिति अध्यक्ष
सुश्री Vickie B. Turner, उपाध्यक्ष
श्री Stan O. Jester
डा. Michael A. Erwin
सुश्री Allyson Gevertz
श्री Diijon DaCosta
डा. Joyce Morley

DeKalb County School District

सुश्री Cheryl Watson-Harris, सुपरिन्टेन्डेन्ट

DeKalb County School District का आदरणीय परिवारहरू,

म आशा गर्दछु कि तपाईंले डिसेम्बर 14, 2020 को टाउन हल बैठक हेर्ने अवसर पाउनु भयो । डिस्ट्रिक्टले उक्त बैठकमा विद्यालय पुन: सुचारू गर्ने योजनाका सम्बन्धमा अद्यावधिक जानकारी प्रदान गरेको थियो । प्रश्नहरू, सरोकारका विषयहरू, सुझावहरू र टिप्पणीहरू भएको प्रतिक्रिया प्रदान गर्नु भएको धन्यवाद । डिस्ट्रिक्टले निर्णय चित्र अद्यावधिक गर्नका निम्ति र सुरक्षित साथ विद्यालय फर्किने तयारी गर्नका निम्ति प्रधानाध्यापक, कर्मचारी र अभिभावकको प्रतिक्रियाका साथै Medical Advisory Group का सदस्यहरू र स्वास्थ्य संस्थाहरूको निर्देशिकालाई विचार गरेको छ । स्कूल डिस्ट्रिक्टले Centers for Disease Control and Prevention ले जारी गरेको संक्रमण न्यूनिकरणका पाँच रणनीतिहरू कार्यान्वयन गर्ने कुरामा ध्यान केन्द्रित गर्नेछ जसमा निम्न कुराहरूलाई समेट्छ; सही तरिकाले मास्क लगाउने, सामाजिक दूरी काय गर्ने, हात धुने, सरसफाइ र निसंक्रमण गर्ने र DeKalb Board of Health सँगको सहकार्यतामा कन्ट्याक्ट ट्रेसिङ गर्ने । Centers for Disease Control and Prevention ले जारी गरेको संक्रमण न्यूनिकरणका पाँच रणनीतिहरू र अन्य रणनीतिहरूले विद्यालयमा कोभिड-19 फैलने जोखिमलाई कम गर्छ । कृपया के कुरा थाहा पाउनुहोस् भने हाम्रा विद्यार्थीहरूको स्वास्थ्य तथा सुरक्षा प्राथमिकता भित्र पर्छ ।

स्थानीय विद्यालयहरूको कार्यविधि तथा नियमहरू सुधार गर्न, सरोकारका विषयहरू सम्बोधन गर्न, र विद्यालयहरू पुन: सुचारू गर्ने कुरामा नविनतम रणनीति तथा विचारहरू प्रदान गर्न र काम तथा पढाइको सुरक्षित वातावरण कायम गर्नका निम्ति डिस्ट्रिक्टको नेतृत्व टोलीले प्रधानाध्यापकहरूसँग नियमित रूपमा भेटघाट गर्दै आइरहेको छ । नियमित बैठकका अतिरिक्त, जनवरी 2021 मा कर्मचारी तथा विद्यार्थीहरूलाई स्वागत गर्न हामी तयार छौं भनेर सुनिश्चित गर्नका निम्ति हामीले प्रधानाध्यापकहरूसँग सहकार्य गरेका छौं, पूर्वाभ्यास सञ्चालन गरेका छौं, विद्यालयहरू पुन: सुचारू गर्दा विचार गर्नु पर्ने सूची विकास गरेका छौं र सरोकारवालाहरूसँगको बैठकका लागि समन्वय गरेका छौं । साथै, मानव संसाधन विभागले प्रश्नहरूको जबाफ दिएर, जानकारी प्रदान गरेर, र उपलब्ध रहेका स्रोतहरू प्रदान गरेर शिक्षक तथा कर्मचारीलाई सहयोग गरी नै रहनेछ । विद्यालय फिर्ता हुने मिति प्रदान गरी सकिएको छ; र अब, यत्रो महिना लगाएर बनाएको योजनालाई काममा परिणत गर्ने बेला भएको छ ।

कोभिड-19 का घटनाहरू बढिरहेको भए पनि, कोभिड-19 को कार्यबल, CDC, र DeKalb County Board of Health बाट प्राप्त निर्देशनहरू अनुसार DCSD को नेतृत्व हामीले सतर्क रहनु पर्दछ र न्यूनिकरणका रणनीतिहरूमा ध्यान केन्द्रित गर्नु पर्दछ र जनवरी 2012 मा विद्यालयहरू पुन: सुचारू गर्ने तयारी गर्नु पर्दछ भन्ने कुरामा सहमत छ । डिस्ट्रिक्टले समवर्ती सिकाइ वातावरणमा उच्च-गुणस्तरीय शिक्षा प्रदान गर्नेछ । समवर्ती सिकाइ वातावरणले विद्यालय आएर पढ्ने कि दूर शिक्षा/रिमोट लर्निङबाट पढाइलाई निरन्तरता दिने भन्ने परिवारको रोजाइका आधारमा विद्यार्थीहरूलाई सहायता प्रदान गर्नेछ । हामीलाई थाहा छ कि अनलाइन सिकाइ केही विद्यार्थीहरूको लागि सफल भएको छ भनेको केही विद्यार्थीको लागि चुनौतीपूर्ण बनेको छ; त्यसकारण, हामी परिवारलाई विकल्प प्रदान गर्ने कुरामा जोड दिन चाहन्छौं । यसले परिवारको लागि उपयुक्त हुने कल्प चयन गर्ने अवसर प्रदान गर्छ ।

तपाईंलाई थाहा छँदैछ, DCSD ले विद्यालयहरू पुन: सुचारू गर्ने सम्बन्धमा चरणबद्ध योजना बनाएको छ । कृपया तल प्रदान गरिएको मुख्य मिति र विस्तारित पात्रो अध्ययन गर्नुहोस्:

| **मिति** | **काम** |
|---|---|
| सोमवार, जनवरी 04, 2021 | **चरण I सुरु गर्ने:** 10, 11, र 12 महिने कर्मचारी काममा फिर्ता हुन्छन् |
| जनवरी 4 र 5, 2021 | **अनलाइन अप्रत्यक्ष सिकाइ** (यी दिनहरू विद्यार्थीहरूको अप्रत्यक्ष सिकाइका दिनहरू हुनेछन्, त्यसैले विद्यार्थीहरूले यी दिनहरूमा अनलाइनमा पढ्नेछन् र आफै असाइनमेन्ट पूरा गर्ने छन् ।) |
| बुधवार, जनवरी 13, 2021 | पहिलो सेमेस्टरको समापन |
| जनवरी 14, 2021 | शिक्षक/कर्मचारीको काम गर्ने दिन<br>(विद्यार्थीहरू उपस्थित नहुने) |
| जनवरी 15, 2021 | व्यावसायिक विकास संस्थान आयोजना गर्ने (विद्यालयहरू बन्द हुने) |
| मङ्गलवार, जनवरी 19, 2021 | **चरण II सुरु गर्ने (निश्चित ग्रेड तह):** प्रि-किन्डरगार्टन देखि ग्रेड 2, ग्रेड 6 र ग्रेड 9 का लागि मिश्रित सिकाइ (Hybrid learning) वातावरण (परिवारले चयन गरेको खण्डमा)<br>मिश्रित सिकाइको विकल्प चयन गरेका विद्यार्थीले दुई दिनको लागि विद्यालयमा उपस्थित भएर पढ्न सुरु गर्ने छन् । |
| जनवरी 25, 2021 | **चरण III सुरु गर्ने (निश्चित ग्रेड तह):** ग्रेड 3 देखि 5, ग्रेड 7 देखि 8, र ग्रेड 10 देखि 12 का लागि मिश्रित सिकाइ (Hybrid learning) वातावरण (परिवारले चयन गरेको खण्डमा))<br>मिश्रित सिकाइको विकल्प चयन गरेका विद्यार्थीले दुई दिन विद्यालयमा उपस्थित भएर पढ्ने छन् । |
| सोमवार, फेब्रुअरी 08, 2021 | मिश्रित सिकाइको विकल्प चयन गरेका विद्यार्थीले चार दिनका लागि विद्यालयमा उपस्थित भएर पढ्न सुरु गर्ने छन् । |

विस्तारित पात्रो पहुँच गर्नका निम्ति यो **लिङ्क** चयन गर्नुहोस् ।

तपाईंको स्थानीय विद्यालये कक्षाहरूलाई दुई समूहहरूमा विभाजन गर्नका निम्ति विद्यालय फिर्ता हुने आशयसम्बन्धी तथ्याङ्क प्रयोग गरिरहेको छ । समूहहरू अन्तिम नामका आधारमा विभाजित गरिन्छ । सामाजिक/भौतिक दूरीको निमय तथा सुरक्षासम्बन्धी निर्देशिका पालना गर्नका निम्ति कक्षाहरूलाई दुई समूहहरूमा बाँडिएको हो । तपाईंले आफ्नो बच्चाको लागि विद्यालयमा उपस्थित भएर पढ्ने विकल्प चयन गर्नु भएको छ भने तपाईंको विद्यालयले तपाईंको बच्चालाई समूहको असाइनमेन्ट प्रदान गर्नेछ । तपाईंले अर्को शिक्षा पद्धतिमा फिर्ता हुने आशयको फाराम (Intent to Return Form) पूरा गर्नु भएको छैन भने तपाईंको बच्चा विद्यालयमा उपस्थित भएर पढ्ने छन् । यद्यपि, अभिभावकहरूले आफ्नो प्राथमिकता परिवर्तन गर्नका लागि जनवरी 8, 2021 भित्र स्थानीय विद्यालयमा सम्पर्क गर्न सक्छन् । स्कूल लिडरहरूले सहोदर दाजुभाइ दिदीबहिनीको तालिका मिलाउनका निम्ति परिवारहरूसँग सहकार्य गर्ने छन् । मिश्रित सिकाइ पद्धतिमा (hybrid learning model) बुधबारका दिन सानो समूहको शिक्षण, ट्युटोरिङ, विद्यार्थी कन्फरेन्सको अपोइनमेन्ट, अभिभावक कन्फरेन्स, सेवाहरू, व्यवसायिक सिकाइ र शिक्षण योजनाका लागि छुट्याइनेछ ।

हामी हाम्रो परिकल्पना र अभियान वास्तविकतामा परिणत हुन्छ भनेर सुनिश्चित गर्नका लागि डिस्ट्रिक्टभरिका हरेक कक्षाकोठामा मिलेर काम गर्ने छौं । हामी हाम्रा विद्यार्थी समुदायलाई उच्च शिक्षा, काम, र जीवन पर्यन्त सिकाइ तर्फ डोर्याउने शैक्षिक उत्कृष्टता हासिल गर्न उत्प्रेरित गर्न प्रतिबद्ध छौं । तपाईंको निरन्तर साथ र सहयोगका लागि धन्यवाद ।

कृपया थप जानकारीका लागि, वेबसाइट, नयाँ विज्ञप्ति, र सामाजिक सञ्जाल हेर्नुहोस् ।

भवदीय,

सुश्री Cheryl Watson-Harris, सुपरिन्टेन्डेन्ट

Robert R. Freeman Administrative Complex
1701 Mountain Industrial Blvd. | Stone Mountain, GA 30083
678.676.1200 | www.dekalbschoolsga.org